नेपाल सरकार

# स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय

## स्वास्थ्य सेवा विभाग

टेकु, काठ्माडौं

### आकस्मिक बाढीको प्रतिकार्यका प्रमुख गतिविधिहरूको प्रतिवेदन

प्रतिवेदन अवधिः २० भाद्र २०८३

प्रतिवेदन नं : ८

### व्यवस्थापन महाशाखा

- व्यवस्थापन महाशाखाबाट विपद् प्रभावित क्षेत्रमा स्वास्थ्य सेवा सञ्चालनका लागि आवश्यक औषधि तथा स्वास्थ्य सामग्रीको मौज्दात व्यवस्थापन, प्राप्ति तथा मागअनुसार विभिन्न स्वास्थ्य संस्था/स्वास्थ्य शिविरमा वितरण तथा आपूर्ति गरिएको। विस्तृत विवरण उपलब्ध रहेको
- नुवाकोटको बिदुरमा स्वास्थ्य शिविरका लागि २० प्रकारका औषधि तथा स्वास्थ्य सामग्री पठाइएको।
- किस्पाङ गाउँपालिका, नुवाकोटमा ४८ प्रकारका औषधि तथा स्वास्थ्य सामग्री पठाइएको, जसमा Paracetamol 500mg ३,००० ट्याब्लेट, Anti-Cold ३,००० ट्याब्लेट, Amoxycillin 500mg १,००० क्याप्सुल र Flucloxacillin 500mg १,००० क्याप्सुल रहेका छन्।
- भारत सरकारबाट DNA परीक्षण सामग्री २ पेटी प्राप्त भएको र प्रहरी विधिविज्ञान प्रयोगशाला तथा खुमलटारमा वितरणका लागि पठाइएको, औषधि सामग्री २ ट्रक प्राप्त भएको, ल्याब फ्रिज २४ वटा प्राप्त भएको।

### इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा

- प्रभावित क्षेत्रमा SORMAS मार्फत ज्वरो तथा झाडापखालाजन्य केसहरूको नियमित अनुगमन जारी, विस्तृत विवरण अनुसूचीमा समावेश गरिएको
- गत २४ घण्टामा कुल २१ वटा केस रिपोर्ट भएका छन्:
  - ३ वटा Acute Gastroenteritis (AGE)
  - ९ वटा Fever
  - ९ वटा Fever with Cough
  - ० वटा Fever with Rash
  - जनावरको टोकाइको केस रिपोर्ट नभएको

- सम्बन्धित स्थानीय तहबाट ज्वरो तथा झाडापखालाजन्य केसहरूको उचित व्यवस्थापन भइरहेको।
- नोटः जनस्वास्थ्य सम्बन्धि उपायहरु अपनाइनुका साथै थप अनुसनधान थथा अनुगमन कार्य भइरहेको।

**<u>बाढीबाट प्रभावित क्षेत्रमा शव व्यवस्थापन तथा शव व्यवस्थापन पश्चातको वातावरणनीय निसंक्रमण कार्यका परिचालित टोलीद्वारा सम्पन्न कार्य विवरण</u>**

<u>नुवाकोट</u>

१. बाढी प्रभावित क्षेत्रका होल्डिङ सेन्टरहरूमा EDCD को टोलीद्वारा अनुगमन गरी WASH लगायत रोग निगरानी तथा प्रतिकार्यसम्बन्धी गतिविधिहरूको अवस्था तथा प्रगतिबारे जानकारी लिइएको।

२. WASH क्लस्टरमार्फत बाढी प्रभावित क्षेत्रमा खानेपानी जडान तथा शौचालय निर्माणको कार्य भइरहेको।



रसुवा

३. आकस्मिक बाढीको अवस्थालाई मध्यनजर गर्दै, पहिचान हुन नसकेका तथा सम्पर्कविहीन व्यक्तिहरूको पहिचानमा सहयोग पुऱ्याउने उद्देश्यले बाढी प्रभावित क्षेत्रमा डीएनए नमुना संकलनका लागि टेन्ट स्थापना गरी आवश्यक तयारी गरिएको।




४. आकस्मिक बाढीको अवस्थालाई मध्यनजर गर्दै, प्रभावित जिल्लाहरूमा स्वास्थ्य सेवा प्रवाहलाई नियमित, निरन्तर तथा प्रभावकारी बनाउन, स्वास्थ्य शाखा, सरोकारवाला निकाय तथा साझेदार संस्थाहरूसँग स्वास्थ्य तथा पोषण क्लस्टरको बैठक




## मनोसामाजिक परामर्श (MHPSS)


- नुवाकोट, रसुवा, काठमाडौं,धादिङ्ग होल्डीङ्ग केन्द्र, अस्पताल तथा प्रभावित समुदायहरूमा MHPSS तथा PFA सेवा निरन्तर रुपमा सञ्चालनमा रहेको छ।
- बालबालिका, किशोरकिशोरी तथा प्रभावित परिवारलाई लक्षित गरी समूह परामर्श तथा उपचारात्मक मनोसामाजिक गतिविधि सञ्चालन भइरहेको छ।
- मानसिक स्वास्थ्यसम्बन्धी IEC सामग्री वितरण तथा विशेषज्ञ सेवाका लागि रेफरल प्रणाली सुदृढीकरण भइरहेको छ।
- मनोचिकित्सक तथा क्लिनिकल मनोविद्सहितको विशेषज्ञ टोलीद्वारा मानसिक स्वास्थ्य आवश्यकताको पहिचान, मूल्याङ्कन तथा आवश्यक सहायता प्रदान भइरहेको छ।
- बाढी प्रभावित व्यक्तिहरूका लागि टेलि—मनोचिकित्सा तथा अनलाइन परामर्श सेवा सञ्चालनमा रहेको छ।
- मानसिक स्वास्थ्य हेल्पलाइन तथा अनलाइन रिपोर्टिङ प्रणाली मार्फत सेवा, अनुगमन तथा समन्वयलाई निरन्तरता दिइएको छ।

**मनोसामाजिक परामर्श**









## भोटेकोशी बाढी पश्चात MHPSS/PFA सेवाग्राहीको दैनिक विवरण




## मनोचिकित्सक सहितको मानसिक स्वास्थ्य टोलि परिचालन:











## परिवार कल्याण महाशाखा

- बाढीका कारण उतरगया गाउँपालिकामा विद्युत् तथा सडक पहुँच अवरुद्ध भएकाले प्रसूति सेवा सहित अत्यावश्यक सेवा सञ्चालनमा सहयोग पुऱ्याउन स्वास्थ्य सेवा विभागद्वारा हेलिकप्टरमार्फत पावर जेनेरेटर पठाइएको।

## नर्सिङ्ग तथा सामाजिक सुरक्षा महाशाखा

- बाढी प्रभावित क्षेत्रमा विशेष हेरचाह आवश्यक पर्ने ज्येष्ठ नागरिकहरूका लागि आवश्यकताअनुसार विशेष हेरचाहसहितको केन्द्रमा व्यवस्थापन गर्ने व्यवस्था मिलाइएको।


National Elderly Care Home Society of Nepal
Lazimpat - 2, Kathmandu
DAO Reg. No. : 284
SWC Affiliation No. 58585

विषय: जानकारी सम्बन्धमा।

## राष्ट्रिय स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार केन्द्र
## जोखिम सञ्चार तथा सामुदायिक संलग्नता (RCCE) सम्बन्धी प्रमुख गतिविधिहरू

इन्फोग्राफिक






## भिडियो

- ३ ओटा भिडियो विकास गरि सामाजिक संजालबाट प्रशारणः
    - बाढी प्रभावित क्षेत्रमा स्वास्थ्यको विशेष ख्याल गरौं!
    - विपदको समयमा बालबालिकाको मानसिक स्वास्थ्यको विशेष ख्याल राखौं!
    - विपदको समयमा स्वहेरचाहमा ध्यान दिऔं ।(डा. बिमल शर्मा चालिसे, प्रमुख कन्सल्टेन्ट फिजिसियन,शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल










## राष्ट्रिय क्षयरोग नियन्त्रण केन्द्र

### विपद्पछिको क्षयरोग प्रतिकार्य (Post Disaster TB Response) सम्बन्धी गतिविधिहरू

- विपद् सङ्कटग्रस्त क्षेत्रमा उपचारमा रहेका सक्रिय क्षयरोग बिरामीहरू (Active TB Cases) मध्ये ९९ जना बिरामीहरूसँग टेलिफोन सम्पर्कगरी उनीहरूको वर्तमान स्वास्थ्य अवस्था तथा उपचार निरन्तरताबारे अद्यावधिक जानकारी लिइएको छ। साथै, नियमित सेवाको पहुँचमा अवरोध देखिएका ३ जना बिरामीहरूलाई उपचार तथा औषधिको निरन्तरताका लागि आवश्यक सहजीकरण गरिएको छ।
- नुवाकोट जिल्लाको मागबमोजिम प्रदेश स्वास्थ्य आपूर्ति व्यवस्थापन केन्द्र (PHLMC), बागमती प्रदेशबाट HR १६,१२८ टयाब्लेट, HRZE ८,७३६ टयाब्लेट, तथा HRE ३,३६० टयाब्लेट औषधि जिल्लातर्फ पठाइएको छ।


## राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्र

**नेपालमा बाढीबाट ART सेवामा परेको प्रभाव- द्रुत मूल्याङ्कनः १९ भाद्र २०८३ सम्म**

- बाढी प्रभावित रसुवा, नुवाकोट र धादिङ जिल्लाका ART सेवाग्राहीको अवस्थाबारे जानकारी लिन नुवाकोटको त्रिशूली अस्पताल र धादिङको धादिङ अस्पताल, साथै प्रभावित जिल्लाका सेवाग्राहीले ART सेवा लिइरहेका चितवनका १ र काठमाडौंका ३ वटा ART साइटमा द्रुत मूल्याङ्कन गरिएको थियो।
- काठमाडौं र भक्तपुरका थप २ वटा ART साइटबाट विवरण प्राप्त हुन बाँकी रहेको छ।
- बाढीअघि यी तीन जिल्लाका ६७२ जना सेवाग्राही ART मा उपचाररत रहेकोमा हालसम्म ५४२ जना (८०.७%) सँग सम्पर्क स्थापित भएको छ भने १३० जना (१९.३%) सम्पर्कविहीन/अवस्थाबारे जानकारी नभएको अवस्थामा रहेका छन्। उनीहरूको खोजी तथा सम्पर्कका लागि CHBC टोली र ART काउन्सेलरमार्फत निरन्तर प्रयास भइरहेको छ र प्राप्त विवरण नियमित रूपमा अद्यावधिक भइरहेको छ।
- सम्पर्कमा आएका सेवाग्राहीमध्ये हालसम्म कुनै मृत्यु वा चोटपटकको जानकारी प्राप्त भएको छैन।
    - १६० जना सेवाग्राहीले बाढीका कारण ART साइटसम्म पुग्न यातायात तथा पहुँचसम्बन्धी समस्या भोगिरहेको बताएका छन्। उनीहरूको ARV औषधिको निरन्तरता सुनिश्चित गर्न पायक पर्ने ART केन्द्रमार्फत सेवा तथा रेफरलको व्यवस्था गरिएको छ।
    - ३ जना सेवाग्राहीको घर/सम्पत्तिमा क्षति भएको र १ जना अस्थायी आश्रयस्थलमा रहेको जानकारी प्राप्त भएको छ।
    - २ जना सेवाग्राहीले अन्य ART साइटमा सेवा स्थानान्तरण गरेका छन्। तीमध्ये धादिङका एक सेवाग्राही बाढीबाट भाडाको घरमा क्षति भएपछि काठमाडौंमा स्थानान्तरण भई हाल काठमाडौंमै ART सेवा लिइरहेका छन्

## अनुसुची

**SORMAS को Daily Surveillance Report Module मा हालसम्म प्रतिवेदन भएका संक्रामक रोगहरुको ट्रेन्ड**



Ministry of Health and Food Safety
Department of Health Services
Epidemiology and Disease Control Division

# Mental Health Psychosocial Support Flood Response Summary

05/09/2026

The **Bhotekoshi–Trishuli river flash flood** of Bhadra 10, 2083 (Aug 2026) affected 15 municipalities from **Rasuwa, Dhading, Nuwakot, Gorkha and Chitwan** districts. To address fear, distress, grief and other mental health and psychosocial concerns among affected communities, the NCD and Mental Health Section is coordinating a multi-agency response with government bodies and partner organisations. Summary reflects field reporting as of Bhadra 20, 2083.

| **6268** | **3813 people** | **125 providers** | **81** |
|---|---|---|---|
| Total people Reached/contacted | reached out PFA/MHPSS (New +Follow-up) | 2 psychiatrist, 2 Clin-psychologist, 121 counselors, PFA volunteers and Mental health teams mobilized | Calls attended through helplines regarding mental health |

## Ongoing Mental Health Activities:


- MHPSS and PFA services are being provided across holding centres, hospitals, and affected communities of Nuwakot, Rasuwa, Dhadhing, Kathmandu,Bharatpur, Nawalpur (Madhyabindu Hospital).
- Group counselling and therapeutic psychosocial activities are being conducted, with specific support for children, adolescents, and affected families.
- Mental health IEC materials are being disseminated, and referral pathways are being strengthened for specialized care.
- A specialized team comprising a psychiatrist and clinical psychologist is conducting mental health needs assessment and providing necessary support in affected areas.
- Tele-psychiatric consultation and counselling services are available for flood-affected individuals.
- Mental health helpline services and online reporting mechanisms are being used for continued support, monitoring, and coordination.



















## Helpline Support — active 24/7

| | | | |
|---|---|---|---|
| **1115**<br>Hello Health (General Health response including mental health) | **1166**<br>National Suicide Prevention Helpline | **1098**<br>Child Helpline | **16607152005**<br>KOSHISH |
| **16600102005**<br>TPO Nepal | **18105000402**<br>CMC Nepal | **9705443579**<br>Kanti Children's Hospital (mental health) | **9766467704**<br>Vidusi Psychological Support |

## Planned Next Steps

1. Strengthen coordination and digital systems for mental health services across all three tiers of government and stakeholders.
2. Ensure community-based MHPSS and emergency support, with a focus on affected families, children, and adolescents.
3. Assess and strengthen service capacity through medicine needs assessment and mobilization of additional mental health personnel in affected areas.

## In Support With

World Health Organization Nepal
unicef for every child
TPO Nepal PEACE OF MIND
CWIN
KOSHISH
Nepal Red Cross Society